सुरुङ्गा नगरपालिका, सप्तरी		कार्यपालिका बैठक		२०८३।०२।०५

प्रस्तावहरु:

१. नगर प्रहरी सम्बन्धमा ।
२. नव प्रवर्तनमा आधारित आँपको ग्रामिण परियोजना सम्बन्धमा ।
३. भू-उपयोग वर्गिकरण सम्बन्धमा ।
४. विविध ।
   (क) कृषि विद्युतिकरणको बिल भुक्तानी सम्बन्धमा ।
   (ख) जनप्रतिनिधि कर्मचारीको भ्रमण खर्च सम्बन्धमा ।
   (ग) योजनाको प्रकृति परिवर्तन सम्बन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिकामा कार्यरत नगर प्रहरीहरुको करार सम्झौता मिति २०८३।०२।०६ गते देखि लागु हुने गरी सम्झौता भंग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मधेश प्रदेश र यस सुरुङ्गा नगरपालिका नवप्रवर्तनमा आधारित आँपको ग्रामिण परियोजना अन्तर्गत विद्युतिकरण कार्यको लागि विनियोजित रकम रु.१० लाख मात्रले विद्युतिकरण सम्बन्धी कार्यको लागि रकम अपुग देखिएको हुँदा सोही परियोजना अन्तर्गतका अन्य कार्यहरुको ठेक्का सकार गरी बाँकी बचत बजेट तथा विविध शिर्षक अन्तर्गतको बजेटबाट विद्युतिकरणको लागि रु.१० लाख बजेटबाट कार्य सम्पन्न गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. २ र ४ अन्तर्गत पर्ने तपसिलमा उल्लेखित जग्गाको भू-वर्गिकण गर्नका लागि २ नं. वडाको च.नं.१२०१ मितिः २०८३।०१।११ र ४ नं. वडाको च.नं.१०९९ मिति २०८३।०१।१७ गतेको सिफारिस बमोजिम भूवर्गिकरणको लागि नापी तथा भूउपयोग सेवा केन्द्र राजविराजमा पठाउने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | वडाको नाम | विवरण | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुरुङ्गा न.पा वडा नं. २ हर्दिया | साविक गा.वि.स हर्दिया वडा नं. २ क | ७३१ | ०-३-० | बाटो नरहेको |
| २ | सुरुङ्गा न.पा. वडा नं. ४ मधुपट्टी | साविक गा.वि.स. मधुपट्टी ७ (क) | ७५४ | ०-०-१७ | आवासिय |

प्रस्ताव नं. ४ (क) माथि छलफल गर्दा नगरपालिकामा कृषकहरुबाट प्राप्त कृषि मिटरको बिल बमोजिमको रकम दामाशाहीको दरले भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ४ (ख) माथि छलफल गर्दा नगरपालिकाको जनप्रतिनिधि, कर्मचारी अवलोकन भ्रमण खर्चमा देहायका बजेट शिर्षकबाट रकम रु.१३,५०,०००।- (तेह्र लाख पचास हजार मात्र) व्यवस्था गर्ने निर्णय गरिय ।

देहाय:

१. जनप्रतिनिधिहरुको अवलोकन भ्रमण खर्चः रु.३०००००।-

२. कर्मचारीहरुका लागि सिकाई अवलोकन भ्रमण खर्च शिर्षकमा रहेको रकम रु.३०००००।-

३. सामाजिक परीक्षण तथा सेवा ग्राही संतुष्टि सर्वेक्षण रु.३०००००।-

४. आँप खेति प्रवर्द्धन कार्यक्रम रु. ४५००००।-

प्रस्ताव नं. ४ (ग) माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८२।०८३ मा स्वीकृत वडा स्तरीय योजना अन्तर्गत चनर चौधरीको घरदेखि पूर्व सामुदायिक भवन सम्मको बाटोमा माटो ग्राभेल तथा होम पाइप कार्यलाई ४ नं. वडा कार्यालयको मिति २०८३।०२।०४ गतेको वडा समिति बैठकको निर्णय र सोही वडाको च.नं.११७१ र मिति: २०८३।०२।०४ गतेको पत्र बमोजिम उक्त योजनाको परिवर्तन गरी सोही बाटोमा टेरियर पोखरीको उत्तर डिललाई संरक्षण तथा नियन्त्रण गर्ने निर्णय गरियो ।